**मिति २०७७ साल चैत्र ९ गतेको कार्यपालिकाको ९ औं बैठकका निर्णयहरु**

राजपुर गाउँपालिका (कार्यसम्पादन) नियमावली,२०७४ को दफा ९(१) बमोजिम राजपुर गाउँ कार्यपालिका अध्यक्षबाट सिधै प्रस्तुत प्रस्तावहरु :

१.योजना संशोधन तथा सुधार गरि गाउँ सभामा पेश गर्ने सम्बन्धमा ।

२. गाउँ सभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा ।

३. राजपुर स्वास्थ्य चौकी एम्बुलेन्स मर्मत संम्भार खर्च भुक्तानी सम्बन्धमा ।

४. करार सेवामा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।

५. भैपरी आउने चालु खर्च शिर्षकको बजेट सम्बन्धमा ।

६. भैपरी आउने पुँजीगत खर्च शिर्षकको बजेट सम्बन्धमा ।

७.झोलुङ्गे पुल चौकीदारलाई भुक्तानी दिने सम्बन्धमा ।

८. धुवानी गाडी भाडा भुक्तानी सम्बन्धमा ।

९.फिल्टर हस्तान्तरण सम्बन्धमा ।

१०. ठुला योजनाहरुको पेश्की उपलब्ध गराउने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं.१ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको सातौ गाउँसभाले स्वीकृत गरेको तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन तथा सुधारको गरि आठौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.स | साबिकका योजना/कार्यक्रम | बजेट | शंसोधन गरेको नयाँ योजाना/कार्यक्रम | बजेट |
|---|---|---|---|---|
| १ | प्रा.वि गुरुङनाका २ कोठे भवन निर्माण,राजपुर १ | ३००००० | गुरुङनाका बिधुत बिस्तार | ३००००० |
| २ | प्रा.वि सुकैलीनाका खेल मैदान निर्माण,राजपुर १ | ३००००० | सुकैलीनाका खोला तटबन्धन थप | ३००००० |
| ३ | महिला बालबालिका तथा युवा कार्यक्रम राजपुर १ | ३२०००० | चुरा बनाउने तालिम | १००००० |
| | | | युवा खेलकुद सामग्री तथा ड्रेस वितरण | १००००० |
| | | | बालबालिका कार्यक्रम | १२०००० |
| ४ | बलुवाडाँडा भयरथान निर्माण राजपुर २ | ३००००० | बलवाडाँडा गाउँ समाज भवन निर्माण राजपुर २ | ३००००० |
| ५ | बसन्तपुर मोटर सहित डिप बोरिङ्ग, वडा नं. ३ | ३१०००० | बसन्तपुर ३ वटा स्यालो ट्युवेल ३ एच.पी को मोटर सहित | ३१०००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | सिक्टा सुर्य ज्योति कृषी सहकारी भवन निर्माण वडा नं.७ | ७००००० | सिक्टा महिला भवन निर्माण | ७००००० |
| ७ | ऐराना स्याउले पर्यटन मार्ग वडा नं. ७ | १०००००० | देउराली डाँडा,उत्तरी खुटी हुदै सिंमगजमरी स्याउले सम्म बाटो निर्माण | १०००००० |
| ८ | सुनपत्री खोला खानेपानी मुहान मर्मत वडा नं. ७ | २००००० | सुनपत्री खोला खानेपानी पाइप खरिद वडा नं. ७ | २००००० |
| ९ | गल्चु सिंचाई पक्की कुलो निर्माण | ३००००० | गल्चु गाउँ गल्ली बाटो ग्राभेल | ३००००० |
| १० | जेलबाङ गंगटे कुलो मर्मत | २००००० | जेलबाङ गंगटे सिचाई पाइप खरिद | २००००० |
| ११ | परिवार नियोजनको स्याटेलाइट क्याम्प | १००००० | चौविस घण्टे प्रसुति केन्द्रमा काम गर्ने नर्सिङग कर्मचारीलाई नाइट भत्ता र नियमित खोप किल्निक सञ्चालन खर्च | १६०५०० |
| १२ | सावजनिक परिक्षण तथा सर्वाजनिक सुनुवाई कार्यक्रम | २५०००० | सावजनिक परिक्षण तथा सर्वाजनिक सुनुवाई कार्यक्रम बेला र राजपुर | १००००० |
| १३ | स्वास्थ्य कर्मी क्षमता विकास | ३००००० | एम्बुलेन्स नि:शुल्क सेवा | २००००० |
| | | | राजपुर स्वास्थ्य चौकी व्यवस्थापन | १८९५०० |
| १४ | बर्षे धान उन्नत विउ वितरण २० प्रतिशत अनुदानमा | १०००००० | बर्षे धान उन्नत विउ वितरण शत प्रतिशत अनुदानमा | १०००००० |
| १५ | बर्षे मकै उँन्नत विउ वितरण २० प्रतिशत अनुदानमा | २२२७५० | बर्षे मकै उँन्नत विउ वितरण शत प्रतिशत अनुदानमा | २२२७५० |
| १६ | ३० प्रतिशत अनुदानमा पावर टिलर वितरण | ११८६००० | ५० प्रतिशत अनुदानमा पावर टिलर वितरण | ११८६००० |
| १७ | सुझाव संकलन गोष्ठि प्रा.वि | ४००००० | छापामाय कक्षाकोठा तयार | १५०००० |
| १८ | अभिभावक शिक्षा कार्यक्रम (नि.मा.वि र मा.वि) | ३००००० | विद्याथीहरुलाई टिफिन बक्स वितरण कार्यक्रम | ३००००० |
| १९ | बैकल्पीक शिक्षा कार्यक्रम | ७००००० | विद्यायलय भौतिक पुर्वाधार निर्माण | १९५०००० |
| २० | शिक्षा नीति तथा योजना निर्माण | ३००००० | | |
| २१ | गा.पा स्तरीय खेल्कुद प्रतियोगिता | ७००००० | | |
| २२ | दलित वर्ग उद्यमशिल सिप विकास तालिम | ३५०००० | दलित वर्ग लक्षित कार्यक्रम | ३५०००० |
| | जम्मा | ९७३८७५० | | ९७३८७५० |

निर्णय नं. २ :

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको आठौ गाउँसभामा तपशिल बमोजिमका प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

क) विभिन्न नीति नियम तथा कानुन पारित गर्ने सम्बन्धमा ।

- कृषि व्यवसाय प्रबर्द्धन ऐन ,२०७७
- स्थानीय तह सहकारी ऐन,२०७७

- स्थानीय तह वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन,२०७७
- गाउँपालिका कार्यसंचालन निर्देशिका,२०७७
- गाउँपालिकाको विपद् जोखिम न्युनिकरण नीति,२०७७
- गाउँपालिकाको विपद् जोखिम न्युनिकरण रणनीतिक कार्ययोजना,(२०२०-२०३०)
- गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७

निर्णय नं. ३ :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राजपुर स्वास्थ्य चौकीद्वारा संचालित ऐम्बुलेन्स मर्मत सम्भार खर्च रु ७७४०१ । भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ :

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुको २०७७ पौष मसान्तमा करार अवधि सकिएको सम्बन्धमा सतौ गाउँसभाले गरेको निर्णय बमोजिम २०७७ माघ महिना देखि २०७८ असार मसन्ता सम्मको लागि करार म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको सातौ गाउँसभाबाट स्वीकृत भैपरी आउने चालु खर्च शिर्षकमा विनियोजित बजेट रु २० लाख बाट तपशिल बमोजिमका योजना तथा कार्यक्रम शिर्षकमा विनियोजन गर्ने र अनुमोदनको लागि आठौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.स | योजना तथा कार्यक्रम | बजेट |
|---|---|---|
| १ | लगत संकलन व्यवस्थापन इकाई स्थपना | १५००००० |
| २ | वास योजना निर्माण थप | ३००००० |
| ३ | शिवशक्ति मा.वि भौवानाकामा सोलार मर्मत तथा व्यट्रि खरिद | २००००० |
| | जम्मा | २०००००० |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको सातौ गाउँसभाबाट स्वीकृत भैपरी आउने पुँजीगत खर्च शिर्षकमा विनियोजित बजेट रु ५० लाख, बहुउद्देश्यीय सभाहल निर्माण क्रमागतमा विनियोजित बजेट रु २० लाख, लागत सहभागितामा आधारित पुर्वाधार कार्यक्रममा विनियोजित बजेट रु २० लाख, विभिन्न भौतिक पुर्वाधार डि.पी.अर. मा विनियोजित बजेट रु १० लाख र सम्भौता बमोजिमका म्याचिङ्ग फन्डमा विनियोजित बजेट रु १५ लाख गरि जम्मा एक करोड १५ लाखबाट तपशिल बमोजिमका योजना तथा कार्यक्रम शिर्षकमा विनियोजन गर्ने र अनुमोदनको लागि आठौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल :

| क.स | योजना/कार्यक्रम | ठेगना | बजेट |
|---|---|---|---|
| १ | भैसहवा खोलमा ५ वटा स्यालो टयुवेल | वडा नं. ३ | २५०००० |
| २ | भैसहवा र प्रतापपुरमा मोटर सहित स्यालो टयुवेल | वडा नं. ३ | ४७५००० |
| ३ | शंकर प्रा.वि करङ्गखोला फर्निचर निर्माण | वडा नं. ३ | १००००० |
| ४ | शंकर प्रा.वि करङ्गखोला दुई कोठे भवन निर्माण | वडा नं. ३ | १५०००० |
| ५ | खरदरीया बिच बाटो निर्माण | वडा नं. ३ | ६०००० |
| ६ | पटौलीनाका लामी डाँडा देखि बडर सम्म बाटो स्तरउन्नती | वडा नं. १ | ४५०००० |
| ७ | चफ्फामा महिला भवन निर्माण | वडा नं.२ | ४००००० |
| ८ | बमखोला ग्रेभल तथा कल्भर्ट निर्माण | वडा नं.२ | ६००००० |
| ९ | विद्यालय भौतिक पुर्वाधार निर्माण | | ७०२४८१ |
| १० | वि.ओ.पी भवन निर्माण सुनपत्री र खांग्रा | वडा नं. ६र ७ | १०००००० |
| ११ | वडा नं. १ का विभिन्न योजनाहरु | | ९००००० |
| १२ | वडा नं. २ का विभिन्न योजनाहरु | | ९००००० |
| १३ | वडा नं. ३ का विभिन्न योजनाहरु | | ९००००० |
| १४ | वडा नं. ४ का विभिन्न योजनाहरु | | ९००००० |
| १५ | वडा नं.५ का विभिन्न योजनाहरु | | ९००००० |
| १६ | वडा नं. ६ का विभिन्न योजनाहरु | | ९००००० |
| १७ | वडा नं. ७ का विभिन्न योजनाहरु | | १०१२५१९ |
| १८ | गाउँपालिका तर्फ विभिन्न योजनाहरु | | ९००००० |
| १९ | जम्मा | | ११५००००० |

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राजपुर गाउँपालिका ७ नं. वडा कार्यालयको सिफारिस अनुसार राजपुर ७ लैवरुवामा रहेको झोलुङगे पुल चौकीदारी चन्द्र कली कुमालले गर्दै आएको र निजको मिति २०७७।०८।२८ गतेको दिन मृत्यु भएको हुदाँ निजले चौकीदारी गरे बापत बार्षिक रु ६००० बुझीलिने गरेको सम्बन्धमा निजले बुझ्न बाँकी रकम निजको श्रीमान श्री जित बहादुर कुमाल लाई भुक्तानी दिने र उक्त झोलुङ्गे पुलको चौकीदारीको जिम्मा निजलाई दिने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको तपशिल बमोजिमको नाका क्षेत्रमा खाद्यान्न धुवानी गरे बापतको रकम गाउँपालिकाको अनुमती पत्र र वडा कार्यालयको भुक्तानी सिफारिसको आधारमा सम्बन्धित व्यक्ति लाई  भुक्तानी दिने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | ढुवानीकर्ताको नाम | ढुवानी गरेको स्थान | ढुवानी परिमाण | प्रति के.जी. दर | जम्मा रु | भुक्तानी सिफारिस पत्र |
|---|---|---|---|---|---|---|
| १ | नवराज घर्ती | वडा नं. ७ को सुनपथरी नाकामा | २५०० | ६।५० | १६,२५० | ७ नं. वडाको च.नं. १६६ मिति २०७७।०६।२५ को पत्र बाट |
| २ | नवराज घर्ती | ” | ५६०० | ६।५० | ३६,४०० | वडा नं. ७ को च.नं १६५ मिति २०७७।०६।२५ को पत्र बाट |
| ३ | जमानसिं गीरी | वेलाको विभिन्न टोल | ९००० | १।५० | १३५०० | वडा नं २ को च.नं २१६मिति २०७७।०६।२५ को पत्र बाट |
| ४ | बबिता चन्द | भैसाही नाका | ५००० | ६।५० | ३२५०० | ७ नं. वडा कार्यालयको च.नं. ३१२ मिति २०७७।०८।११ को पत्र बाट |

निर्णय नं.९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाको कार्यालयमा  खरिद गरेर राखिरहेको फिल्टरहरु १ सेट राजपुर गाउँपालिका वडा नं. २ स्थीत जनज्योति मा.वि बेलालाई हस्तान्तरण गर्ने र सो फिल्टरको धुवानी  तथा सम्पुर्ण व्यवस्थापन उक्त विद्ययालयले नै गर्ने निर्णय गरियो ।

निर्णय नं. १०,

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस राजपुर गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रम मध्ये न्युनतम १० लाख भन्दा माथिका आयोजनहरु कार्यालयले कार्यन्वयन हुने योजना र आवश्यकता हेरी विनियोजित बेजटको ४० प्रतिशत  सम्म निर्माण कर्तालाई पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।